# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## सुर्नया गाउँपालिका
## बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३६९

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुर्नया गाउँपालिका,
बैतडी।

**कैफियत सहितको राय**

हामीले सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.६ करोड ३० लाख २९ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६५ लाख ५२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५ करोड ४ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ७८ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.९ करोड ४ लाख ७० हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ३४ लाख ९९ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## सुर्नया गाउँपालिका,बैतडी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फस्यौंट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४८ | १४ | ६३०२९ | ० | ० | ० | ४८ | १४ | ६३०२९ | ६५५२ | १०७८ | ५०४७२ | ० | ० | ५१५५० | ६३०२९ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ९०४७० | ० | ० | ९०४७० | ० | ६३०२९ | १५३४९९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सुर्नया गाउँपालिका, बैतडी , सुर्नाया गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | KAMALAPATI BHATT | २०७७-१०-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | कविन्द्र प्रसाद ओझा | २०७७-४-१ | |
| लेखा प्रमुख | PREM RAJ BHATT | २०७७-१०-२ | |
| लेखा प्रमुख | ASOK KUMAR BHATT | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ६३,०२९,७५० |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३,९४,५३,७२३.९५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६,२१,७९,३५० | चालु खर्च | ३९,१९,३३,९०९.६५ |
| प्रदेश सरकारबाट अनुदान | ३,२७,२४,००० | पूँजीगत खर्च | ९,१०,६५,५९३ |
| राजश्व बाँडफाँट | ५,७६,५०,६६८.२८ | वित्तीय/अन्य व्यवस्था | २८,००,५९९ |
| आन्तरिक आय | २३,७१,०१०.५६ | | |
| अन्य आय | ६,५२,०७,६२६ | | |
| कुल आय | ५२,०१,३२,६५४.८४ | कुल खर्च | ४८,५८,००,१०१.६५ |
| बाँकी मौज्दात | | ७,३७,८६,२७७.१४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १२४.५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८५४९ जनसंख्या रहेको छ<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ।उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६।१८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**लेखापरिक्षणको क्रममा असुली :**<br>• **वित्तीय विवरण विश्लेषण**<br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ५१२८५४.० ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **बैक हिसाब मिलान नगरेको –**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ।सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.<br><br>सि.नं. \| खाताको नाम \| श्रेस्ता अनुसार बाँकी \| बैंक स्टेटमेण्ट अनुसार बाँकी \| फरक<br>१ \| चालु खाता \| २७०९७१३१.०१ \| २७६०९९८५.०१ \| ५१२८५४.० | ५१२,८५४ |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.२७६०९९८५।४९, पुजीगत खर्च खातामा रु.३८६३७१६२।० समेत गरी रु. ६७९६०३८४।०१ मौज्दात रहेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री लिला कुमारी विष्ट ले मिति २०७७।६।२२ गते रु.५० करोड ६ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।६।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएन। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनुपर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ६ | | | **गत बर्षको दायित्व -**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७७।७८ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **चौमासिक खर्चः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ३३१५७० | ७७१९५ | ७७३१२ | १७७०६३ | १७७०६३ |
| २ | पूँजिगत खर्चतर्फ | ८७७०२ | ० | १६६५६ | ७१०४५ | ७१०४५ |
| | जम्मा | ४१९२७२ | ७७१९५ | ९३९६८ | २४८१०९ | २४८१०९ |
| | प्रतिशत | | १८.४१ | २२.४१ | ५९.१८ | ५९.१८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४१ करोड ९२ लाख ७२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.७ करोड ७१ लाख ९५ हजार अर्थात १८.४१ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९ करोड ३९ लाख ६८ हजार, अर्थात २२.४१ प्रतिशत र तेश्रो चौमासिकमा रु.२४ करोड ८१ लाख ९ हजार, अर्थात ५९.१८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै तेस्रो चौमासिकको सवै खर्च आषाढ महिनामा मात्र खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २८४१६ | २०४२० | ४.८७ |
| २ | पूर्वाधार विकास | ४३३९९ | २२६१९ | ५.४० |
| ३ | सामाजिक विकास | ३१३६६९ | २७६६२९ | ६५.९८ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७४०४ | ६४८३ | १.५५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०७७६१ | ९३११८ | २२.२० |
| **जम्मा** | | **५००६४९** | **४१९२६९** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ६५.९८ प्रतिशत र घटीमा बातावरण तथा विकासमा वजेटनै विनियोजन हुन नसकेको तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा १.५५ प्रतिशत रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **खर्च बिश्लेषणः**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २३ लाख ७१ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु ४५ करोड ४९ लाख २५ हजार अन्य १० करोड ४६ लाख ६१ हजार समेत रु ५५ करोड ९५ लाख ८६ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३९ करोड १९ लाख ३३ हजार र पूँजिगत तर्फ रु ९ करोड १० लाख ६५ हजार समेत रु ४८ करोड ५८ लाख खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०-४८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ९३ लाख २९ हजार खर्च भएको छ । जुन आन्तरिक आयको ३९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८१-१५ प्रतिशत चालु र १८-८५ -प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १० | | | **लक्ष्य प्रगति :**<br>कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १२८३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ११ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>**विद्यालय भवनमा कार्यालय:** रौलेश्वरमा कमलेश्वर चन्द्रमणी आधारभूत विद्यालयको भवनमा गाउँपालिकाको कार्यालय सञ्चालन भएको पाईयो।विद्यालयलाई अर्के स्थानमा स्थानान्तरण गरी विद्यार्थीका लागि निर्मित भवनहरुमा पालिकाका कार्यालयहरु रही कार्य सम्पादन भएको देखियो । जसले गर्दा वालवालिकाहरु खुला स्थानमा अध्ययन अध्यापन गर्ने तथा खेल्ने स्थानको उद्वेश्य वमोजिम उपयोग हुन सकेको देखिएन । विद्यालयका लागि निर्मीत भवन तथा खेल मैदानमा गाउँपालिकाको कार्यालय सञ्चालन हुनु उपयुक्त देखिदैन । विद्यालयका लागि निर्मित सरचना विद्यालयलेनै उपभोग गर्नुपर्ने देखिन्छ । | |
| १२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म सहित ६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर सहित १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कर्मचारी करार –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु ५१ लाख खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी बर्षभरीमा रु.५१००१३०।० भुक्तानी गरेको नियमित देखिदैन । | |
| १४ | | | **कल्याण कोष –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.११ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | १,१००,००० |
| १५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **वडा सचिवको पदपूर्ति :**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ८ दरबन्दी भएकोमा १ मात्र पदपुर्ति भई ७ पद रिक्त भएको देखियो । रिक्त पद पुर्ति हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १ वटा ऐन,२ वटा नियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| जन्मदर्ता | १८५६ |
| मृत्युदर्ता | २७८ |
| बसाईसराई दर्ता | ११९ |
| विवाह दर्ता | २८७ |
| सम्बन्धविच्छेद दर्ता | १ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५÷७६ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>५१</td><td>७४</td><td>४७</td><td>२१</td><td>२०</td><td>२१३</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि ५० लाख सम्मका जम्मा २१३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन<br>कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १ वटा ऐन, २ वटा नियमावली, गरी ३ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>न्यायीक समिति –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष २ विवाद दर्ता भएकोमा दुवै फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण -<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २२ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **पदाधिकारी सुविधा**<br>**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६५४२७७५.० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष..८ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य.जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३४४२५ | ३४४२५ | २७५४०० | २०६५५० | ९२९४७५ | १४८०२७५ |
| २ | यातायात खर्च | ० | १०८००० | १९२००० | ० | ० | ३००००० |
| ३ | टेलिफोन,मोबाइल | ० | ० | ० | ० | ० | ० |
| ४ | पुस्तक,पत्रीका | ६०००० | ५४००० | ३८४००० | २१६००० | ६४८००० | १३६२००० |
| ५ | समन्वय सहजीकरण | १०८००० | ८४००० | ५७६००० | ३६०००० | ९७२००० | २१००००० |
| ६ | अतिथि सत्कार | १२०००० | १०८००० | ८४००० | ० | ० | ३१२००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४२००० | ३६००० | ९६००० | ७२००० | ३२४००० | ५७०००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | १२८००० | ५४००० | १८९००० | ४१८५०० |
| | जम्मा | | | | | | ६५४२७७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **वडास्तरको अनुगमन भत्ता:** सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ वमोजिम ऐनमा तोकिएको वाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । तर पालिकावाट ऐनमानै व्यवस्था भएको उल्लेखित अनुसार वाहेक निम्नानुसारको वडास्तरमा योजना अनुगमन गरेको भनी अनुगमन भत्ता सुविधा भुक्तानी भएको पाईयो । यसरी ऐनको व्यवस्था विपरित भुक्तानी भएको उक्त रकम भुक्तानी पाउने प्रमाण भए पेश गर्ने अन्यथा असुल हुनुपर्ने देखिन्छ । | |

| वडा नम्वर | भुक्तानी भएको अनुगमन भत्ता |
|---|---|
| वडा नम्वर १ वडाध्यक्ष तथा सद्स्यहरु | २०००००।० |
| वडा नम्वर २ वडाध्यक्ष तथा सद्स्यहरु | २०००००।० |
| वडा नम्वर ३ वडाध्यक्ष तथा सद्स्यहरु | १९१०००।० |
| वडा नम्वर ४ वडाध्यक्ष तथा सद्स्यहरु | १९७०००।० |
| वडा नम्वर ५ वडाध्यक्ष तथा सद्स्यहरु | २०००००।० |
| वडा नम्वर ६ वडाध्यक्ष तथा सद्स्यहरु | १९८०००।० |
| वडा नम्वर ७ वडाध्यक्ष तथा सद्स्यहरु | १९९०००।० |
| वडा नम्वर ८ वडाध्यक्ष तथा सद्स्यहरु | २०००००।० |
| जम्मा | १५८५०००।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.६७ लाख २० हजार खर्च गरेको छ । यस्ता किसिमका खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>
अनुदान फिर्ता, वितरण र उपयोग<br>
अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>२५३२२३३५०।०</td><td>२३३५५४१३७।०</td><td>१९६६९२१२।८६</td></tr>
<tr><td></td><td>विषेश</td><td>२००००००००।०</td><td>६४५०३३५।०</td><td>१३५४९६६५।०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>६४०००००।०</td><td>२४१७०९७।०</td><td>३९८२९०३।०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>६५१८०००।०</td><td>६२९४५२०।०</td><td>२२३४८०।०</td></tr>
<tr><td></td><td>विषेश</td><td>५५०००००।०</td><td>५२८००००।०</td><td>२२००००।०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>१३७५३०००।०</td><td>५१४४०८२।०</td><td>८६०८९१८।०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०५३९४३५०।०</td><td>२५९१४०१७१।०</td><td>४६२५४१७९।०</td></tr>
</table>
</td><td>४६,२५४,१७९</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
बार्षिक खरिद योजना:<br>
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९ करोड १० लाख पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **कर दस्तुर एवं आन्तरिक आय**<br>**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३९ लाख ४५ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.२३ लाख ७१ हजार अर्थात अनुमान भन्दा ३९.८९ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २९ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>४११२७२</td><td>२३७१</td><td>०.५७</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**कर तथा शुल्क असुली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१२००००</td><td>१२७११</td><td>१०.५९</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१०००००</td><td>९३११४</td><td>९३.११</td></tr>
<tr><td>व्यवसाय कर</td><td>१०००००</td><td>२३०६३२</td><td>२३०.६३</td></tr>
</table>

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**स्थानीय तहरूको विभाज्य कोष –**

प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **राजश्व अभिलेख :**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा नपठाई वडाहरु आफै छपाई गरी प्रयोग गर्ने गरेको तथा आपुखुसी दाखिला गरेको रकम पालिकाले आम्दानी बाँध्ने गरेको देखियो । व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहेको रसिद नियन्त्रण खाता राखि वडा तथा पालिकामा रसिदहरु प्रयोग गर्ने नगरेको तथा प्रयोग भएका रसिदहरु पालिका फिर्ता तथा सोमा आम्दानी भएको रकम नियमित दाखिला नभएको कारण आम्दानी देखाएको रकम रु २३७१०१०।५६ एकिन तथा भिडान हुन सकेन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । साथै यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी एकिन गरी पेश गर्नुपर्ने रु. | २,३७१,०१० |
| ३३ | | | **आयकर एवं मू.अ.कर**<br>**मूल्य अभिवृद्धि कर कट्टी** – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० तथा ३० प्रतिशत रकम रु. १७८९१२।०कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । | १७८,९१२ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ५० तथा ३०प्रतिशत रकम |
|---|---|---|---|---|
| २१९।२०७८।२।८ | के वि ट्रेड सप्लायर्स | ४८०१२५।० | ५५२३६ | २७६१८ |
| ५७।७७।११।२७ | विवेक ट्रेड एण्ड सप्लायर्स | ३१०२१३।० | ३५६८८ | १७८४४ |
| ६१।७७।११।२० | उग्रतारा ट्रडसङ्ग हाउस | १६७९६७।० | १९३२४ | ९६६२ |
| ७२।२०७७।१२।२ | उग्रतारा ट्रेडसङ्ग हाउस | ३५४३११।० | ४०७६१ | २०३८१ |
| २१८।७८।२।२८ | मुनलाईट टकेनीकल | ४९३५३७।० | ५६७७९ | १७०३४ |
| १७३।२०७८।२।२६ | निगालासैनी कन्ट्रक्सन | २४०१००।० | २७६२२ | ८२८७ |
| २११।२०७८।२।२६ | न्यु गणेश निर्माण सेवा | २२६२७१।० | २६०३१ | ७८०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१२।२०७८।२।२६ | महारुद्र निर्माण सेवा | ४४०१७९।० | ५०६४० | १५१९२ | | |
| | | | | २८१।२०७८।३।१६ | भूमिराज कन्ट्रक्सन | ४११९१५।० | ४७३८८ | १४२१७ | | |
| | | | | २१२।२०७८।३।२४ | वि जि कन्ट्रक्सन | ३६२३७७।० | ४१६८९ | १२५०७ | | |
| | | | | ३१४।७८।३।२४ | अनिरुद्र निर्माण सेवा | १७८७९७।० | २०५७० | ६१७१ | | |
| | | | | ३१५।७८।३।२४ | वि जि कन्ट्रक्सन | १९३४५८।० | २२२५६ | ६६७७ | | |
| | | | | ३१८।२०७८।३।२४ | हटैराज कन्ट्रक्सन | ३४०४३२।० | ३९१६५ | ११७४९ | | |
| | | | | ३४६।२०७८।३।३० | ईन्द्रधनु निर्माण सेवा | १०९११३।९६ | १२५५३ | ३७६६ | | |
| | | | | | **जम्मा** | ४३०८७९५ | ४९५७०२ | १७८९१२ | | |
| | | | तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | | | | | | | |
| ३४ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | | | | | | | |
| ३५ | | | **लागत सहभागिता** —<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **जनश्रमदान –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको साथै नेपाल राट्रिय मा वि भवन निर्माणको मुल्याङ्कन भन्दा वढी समेत भुक्तानी भएकोले देहायअनुसारको रकम असूल हुनुपर्ने रु | १,३८८,६९२ |

| **गोभौनं./मिति** | **उपभोक्ता समिति र काम** | **सम्पन्न काम** | **उपभोक्ताले व्यहोर्ने %** | **भुक्तानी हुने रकम** | **भुक्तानी रकम** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|---|
| १७।२०७८।२।१५ | पारिवाटा चौडा टकी निर्माण | १०८४९६१।० | १०८४९६१। | ९७६४६४।९ | १०८४९६।१० | १०८४९६।० |
| १५।२०७८।२।१६ | मारि खोला वसैसिचाई | १०४८८३६।० | १०४७८३।० | ९४३०५३।० | १०४८८३६।० | १०५७८३।० |
| १९।२०७८।३।२१ | श्री भगवती मन्दिर उ स | ११०८२०८।० | ११०८२०।० | ९९७३८७।० | ११०८२०।० | ११०८२०।० |
| | संघिय शसर्त | | | | | |
| १९।२०७८।१।१४ | ने रा.मा.वि.भवन निर्माण | ३३४५७४२।० | ८०९३३४।० | २५३६४०७। | ३६०००००।० | १०६३५९३।० |
| | **जम्मा** | | | | | १३८८६९२।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **सशर्त कार्यक्रमतर्फ**<br>**शिक्षकको तलब भत्ता निकासा** - शिक्षा नियमावली, २०५९ को वमोजिम स्वीकृत शिक्षक दरवन्दी वमोजिम शिक्षक कितावखानावाट पारित तलवी प्रतिवेदन वमोजिम विद्धालयहरुले तलव भत्ता मागफारमा अधिल्लो चौमासिकको तलव भत्ता वितरणको भरपाई सहित माग गर्नुपर्ने तथा सोको आधारमा निकासा हुनु पर्दछ । स्थलगत लेखापरीक्षणको क्रममा गाउँपालिका अन्तर्गत तेस्रो चौमासिकको तलव भत्ता निकासाको विद्धालयहरुको माग फाराम सलग्न नभएको पारित तलवी प्रतिवेदन तथा शिक्षकहरुको नामनामेसी सहित विवरण पेश नभएको तर भौचर नम्बर १४०।२०७८।२।२४ वाट विद्धालयहरुको नाममा एकै पटक बैक आदेश भरी तलव भत्ता रु२७९२६४६५।० निकासा भएकोले उक्त भुक्तानी रकम एकिन तथा भिडान गर्न सकिएन अत विद्यालयहरुको स्वीकृत दरवन्दि, पारित तलवी प्रतिवेदन, तलवी मागफाराम लगाएतका खर्च रकम पुष्टि गर्ने प्रमाण संलग्न गरी तलव भत्ता खर्च लेख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **औषधी खरिद–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएको छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.४५ लाख १३ हजार का औषधि विभिन्न पटक सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः | |
| ३८.१ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ३८.२ | | | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ३८.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ३८.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ३८.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **वढी भुक्तानी -**<br>२८१।२०७८।३।२० निर्माण कार्यको रकम भुक्तानी गर्दा नापि तथा मुल्याङ्कन वमोजिम हुनुपर्दछ । पालिका भवन जाने वाटो निर्माण तथा फिल्ड कटिङ्ग कार्यको नापि तथा मुल्याङ्कन रु १५००५५१।७७ भएकोमा रु१६ लाख ५० हजार भुक्तानी भएको छ ।यसरी काम भन्दा रु १४९४४९।० वढी भुक्तानी भएकोले उक्त रकम असुल गरी सघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु | १४९,४४९ |
| ४० | | | **समानीकरण पूँजिगततर्फ** | १,०७८,११३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.४३०८७९५।० को सोझै खरिद गरेको देखियो । खरीद योजना वनाई प्रतिस्पर्धात्मक खरीद कार्य गर्नुपर्दछ साथै नियमावलीको व्यवस्था वमोजिम एकै निर्माण व्यवसायि तथा आपुरतिकर्ता सग तोकेको सिमा भन्दा वढीको खरीद गर्ने नहुनेमा उग्रतारा ट्रेडीङ्ग हाउस सग दुईपटकमा रु५२२२७८।० तथा वि जि कन्ट्रक्सनसग रु५५५८३५। गरी रु १०७८११३।० सिमा भन्दा वढीको खरीद गरेको अनियमित देखिएको रु | |

| भौ.नं/मिति | कामको विरण | आपुर्तिकर्ता वा निर्माण व्यवसायि | भुक्तानी रकम |
|---|---|---|---|
| २१९।२०७८।२।८ | कार्यालय सामान | के वि ट्रेड सप्लायर्स | ४८०१२५।० |
| ५७।७७।११।२७ | फर्निचर खरीद | विवेक ट्रेड एण्ड सप्लायर्स | ३१०२१३।० |
| ६१।७७।११।२० | कार्यालय सामान | उग्रतारा ट्रडसङ्ग हाउस | १६७९६७।० |
| ७२।२०७७।१२।२ | कार्यालय सामान | उग्रतारा ट्रेडसङ्ग हाउस | ३५४३११।० |
| २१८।७८।२।२८ | ल्यापटप खरीद | मुनलाईट टकेनीकल | ४९३५३७।० |
| १७३।२०७८।२।२६ | सडक मर्मत | निगालासैनी कन्ट्रक्सन | २४०१००।० |
| २११।२०७८।२।२६ | सडक मर्मत | न्यु गणेश निर्माण सेवा | २२६२७१।० |
| २१२।२०७८।२।२६ | सडक मर्मत | महारुद्र निर्माण सेवा | ४४०१७९।० |
| २८१।२०७८।३।१६ | सडक मर्मत | भूमिराज कन्ट्रक्सन | ४११९१५।० |
| २१२।२०७८।३।२४ | सडक मर्मत | वि जि कन्ट्रक्सन | ३६२३७७।० |
| ३१४।७८।३।२४ | सडक मर्मत | अनिरुद्र निर्माण सेवा | १७८७९७।० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३१५।७८।३।२४ | सडक मर्मत | वि जि कन्ट्रक्सन | १९३४५८।० | | |
| | | | | ३१८।२०७८।३।२४ | सडक मर्मत | हटैराज कन्ट्रक्सन | ३४०४३२।० | | |
| | | | | ३४६।२०७८।३।३० | सडक मर्मत | ईन्द्रधनु निर्माण सेवा | १०९११३।९६ | | |
| | | | | | | जम्मा | ४३०८७९५.0 | | |
| ४१ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु १७ लाख ६८ हजारका २ योजनामा आसिक कार्य गर्ने गरी वजेट विनियोजन गरेको तथा आसिक कार्य भए पनि आगामी वर्ष २०७८।७९ मा वजेट विनियोजन नभएकोले अधुरो रहेकोले खर्च भएको रकम उपलब्धि विहिन भएको छ । यसरी कार्य सम्पन्न नहुने गरी कार्य गर्दा बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | | | | | | |

| भौ.नं/मिति | योजनाको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३३३।२०७८।३।२७ | आकुडी वाटर लिफ्ट योजना | ७२१७९४।० | मुहानको काममात्र भएको तथा २०७८।७९ मा योजना नपरेको |
| ३४७।२०७८।३।३० | आकुडी वाटर लिफ्ट योजना | ४३३७२९।० | |
| ३११।२०७८।३।२३ | वडा न ड भवन निर्माण | ६१३०१८।० | कोलमको काममात्र भएको २०७८।७९ मा योजना नपरेको |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रकम कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>डीपीआर खर्च –<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको<br><table><tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th></tr><tr><td>पात्ताल भुमेश्वर मन्दिर निर्माण</td><td>माईलस्टोन ईन्जिनियरिङ</td><td>४९००००।०</td><td>४९००००।०</td></tr></table>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**वढी लागत :**

सोझै खरीद कार्यमा स्वीकृत लागत अनुमान भन्दा कम दरमा कार्य गरी भुक्तानी हुनुपर्नेमा खरकाघर भूमिराज हे पो सडक निर्माण कार्यको भूमिराज कन्ट्रक्सन वाट सोझै खरीद कार्य भएकोमा निम्नानुसार लागत अनुमानको दर भन्दा वढी दरमा भुक्तानी भएकोले वढी लागत परेको रकम असुल हुनुपर्ने रु

<table>
<tr><th>सि न</th><th>विवरण</th><th>काम घ मी</th><th>लागत अनुमान दर</th><th>भुक्तानी दर</th><th>फरक दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>सडक खन्ने OS</td><td>६२४.८१</td><td>९६.३५</td><td>१००</td><td>३.६५</td><td>२२८०।०</td></tr>
<tr><td>२</td><td>सडक खन्नेMR</td><td>५७.९५</td><td>४३८.१७</td><td>५००</td><td>६२</td><td>३५९३।०</td></tr>
<tr><td>३</td><td>ग्रेभल कार्य</td><td>९७.८८</td><td>२३८१.७९</td><td>२७९०</td><td>४०८</td><td>३९९३५।०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४५८००।०</td></tr>
</table>

</td><td>४५,८०८</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**समानीकरण चालुतर्फ**

**भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बैठक भत्ता :**<br>आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायित्व नियमाबलिको दफा ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भर्पाई र प्रमाण संलग्न हुनुपर्ने व्यबस्था भएकोमा भौ०नं०४७५।०७८÷२÷१८ बाट पालिकाले वडा नं०४ वडा कार्यलयको पदाधिकारी बैठक भत्ता बापत वडा सचिब श्री दान सिंह बिष्ट लाई रु०१३२०००।÷ भुक्तानी गरेकोमा बढी भुक्तानी रु०८०००।÷असुल गर्नुपर्ने रु० | ८,००० |
| ४९ | | | **बढी भुक्तानी :**<br>आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व नियमाबलीको दफा ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भर्पाई र प्रमाण संलग्न हुनुपर्ने व्यबस्था भएकोमा भौ०नं०५५३।०७८।३।८ बाट मोहन लाल लुहार ले दलित लक्षित वर्ग योजना कार्यक्रम मा अनुगम कर्ताहरुको रकम वापत रु०१,२७,५००।÷ बुझि लिएकोमा रु,६९०००।० को मात्र भर्पाई पेश भएको हुदाँ प्रमाण पेश गर्नुपर्ने अन्यथा बढी भुक्तानी भएको रु० ५८,५००।० असुल गर्नुपर्ने रु० | ५८,५०० |
| ५० | | | **जिन्सी :**<br>भौ०नं०१७४।०७७।९।२९ बाट आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमाबलीको नियम ९५ बमोजिम कार्यालयमा प्राप्त हुन आएका सामान जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अधाबधिक गराउनु पर्ने व्यबस्था छ । पालिकाले मुन लाईट टेकनिकल कम्प्युटर एजुकेशन बैतडी बाट रु०५५९३५।०० को ल्यापटप लगायतका सामाग्री खरीद गरेकोमा सो को दाखिला प्रतिबेदन पेश गर्नुपर्ने रु० | ५५,९३५ |
| ५१ | | | **सामाजिक सुरक्षातर्फ**<br>**सामाजिक सुरक्षातर्फ बढी निकासा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको लगत अनुसार निम्नानुसार रु. ४९७२२४००।० निकासा दिनुपर्नेमा रु.५४६२४३९८।० निकासा दिएकोले रु.४९०१९९८।० वढी निकासा भएको देखिएको छ । एम.आई.एसंको उक्त तथ्याङ्कमा मृतु भएका घट्ने समेत भएकोले निकासा भएको रकम वढी देखीएको छ ।अत यस समवन्धमा एकिन गरी वढी भएको रकम असूल हुनुपर्ने रु. | ४,९०१,९९८ |

| सि न | विवरण | एम.आई.एसं अनुसार सख्या | | | दर | कुल निकासा हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | जेष्ठनागरीक | ८३१ | ७८० | ७९९ | ३००० | २८९२०००० | | |
| | | | | २ | दलित जेष्ठनागरीक | ८६ | ८० | ९३ | २००० | २०७२००० | | |
| | | | | ३ | एकल जेष्ठनागरीक | २४२ | २२९ | २२९ | २००० | ५६००००० | | |
| | | | | ४ | विधवा जेष्ठनागरीक | ३११ | २२६ | ३०५ | २००० | ६७३६००० | | |
| | | | | ५ | पुर्ण अपाङ्ग | ४४ | ४३ | ४५ | ३००० | १५८४००० | | |
| | | | | ६ | अति अपाङ्ग | ४१ | ४३ | ६० | १६०० | ९२१६०० | | |
| | | | | ७ | तोकिएका क्षेत्रका वा | ० | ० | १६४७ | ४०० | २६३५२०० | | |
| | | | | ८ | लोपोन्मुख वाल | ० | | २ | ३००० | २४००० | | |
| | | | | ९ | दलित वालविलका | ० | ३७३ | ३८८ | ४०० | १२१७६०० | | |
| | | | | १० | लोपोन्मुख जाति | ० | | १ | ३००० | १२००० | | |
| | | | | | | | | | | ४९७२२४०० | | |
| ५२ | | | ........... सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । तर पालिकाले बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन । कार्यविधि वमोजिम बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुनुपर्दछ । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **विपद् व्यवस्थापन**<br>**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ७ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ५४ | | | **कार्य योजना -**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ५५ | | | **विपद् व्यवस्थापन कोष –**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ८० लाख ६३ हजार १८७ आम्दानी भई रु. रु. ८० लाख ६३ हजार १८७ खर्च भएको देखिन्छ । पालिकाले खर्च मध्ये रु.७० लाख ६३ हजार १८७ भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५६ | | | **वार्षिक प्रतिवेदन –**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>:<br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **पेश्की बाँकी :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत हरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ | ४,९२६,३०० |

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म को नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| ८७।२०७७।१२।१० | विद्धुत प्रसारण लाईन | विद्धुत प्रसारण लाईन उ स | | ३२०००००।० |
| | **सघीय हस्तान्तरीत** | | | |
| ६१।२०७८।३।३० | आवास व्यवस्थापन कार्यक्रम | आवास व्यवसथापन कार्यक्रम | | १९७२३००।० |
| ६४।२०७८।३।३० | भौतिक पुरवाधार निर्माण | नेपाल राष्ट्रिय मा वि | | २१६००००।० |
| १२।२०७७।११।२१ | घट्टवगर दगल झो पु | नन्द वहादुर थापा | | १००००००।० |
| | गा पा चालु | | | |
| ६५४।२०७८।३।२२ | विपद व्यवस्थापन | आनन्द सि बोहोरा | | २६००००।० |
| ६३६।२०७८।३।२१ | विपद व्यवस्थापन | कृष्ण वहादुर मडै | | ११४०००।० |
| | | | | ४९२६३००।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | अनुगमन तथा सम्परीक्षण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ९०४७० | ४७९१ | ८५६७९ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ४७ | कर | १५०००० | | | | १५०००० |
| २ | | ७६ | ढोले पुल | | | | ४००००० | ४००००० |
| ३ | २०७५।७६ | ५६ | दोहोरो भुक्तानी | १९९९९९० | | | | १९९९९९० |
| ४ | | १६ | कार्यसम्पन्न | | १३७०००० | | | १३७०००० |
| ५ | | ३३ | कार्यसम्पन्न | | ११०१२।० | | | ११०१२।० |
| ६ | | ३४ख | कार्यसम्पन्न | | ११४६०६।० | | | ११४६०६।० |
| ७ | | ४४ | वीमाको प्रमाण | | ८०२३०।० | | | ८०२३०।० |
| ८ | | ४६ | मु अ कर | | ६५१०५९ | | | ६५१०५९ |
| ९ | | ३४ख | वढी भुक्तानी | १४४०० | | | | १४४०० |
| | | | जम्मा | २१६४३९० | २२२६९०७ | | ४००००० | ४७९१२९७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>८५६७९</td><td>०</td><td>६३०३०</td><td>०</td><td>१४८७०९</td></tr>
</table></td><td></td></tr>
</table>